**गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल** **नेपाल नगरपालिका संघ**

मितिः २०७८।०३।११

**माननीय मन्त्री श्री विष्णुप्रसाद पौडेलज्यु**
**अर्थ मन्त्रालय**
**सिंहदरवार, काठमाडौं**

**विषयः आयोजना कार्यान्वयनको म्याद थप गरी स्रोत सुनिश्चितता गरिदिने सम्बन्धमा**

प्रस्तु सन्दर्भमा गत आ.व. २०७६/७७ मा नेपाल सरकारबाट विनियोजित समपुरक तथा विशेष आयोजनाको निर्माण सम्झौता भई सकेको तर लकडाउनको कारण काम सम्पन्न हुन नसकी चालु आ.व. मा दायित्व सरेका आयोजनाहरुको स्रोत सुनिश्चित भएकोमा सम्पुर्ण स्थानीय सरकारहरुको तर्फबाट नेपाल सरकार प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

कोरोना भाइरस संक्रमण फैलन नदिन गरीएको लकडाउनको कारण चालु आ.व. २०७७/७८ को पछिल्लो तीन महिना विकास निर्माणका कार्यहरु स्थगित भैरहेको छ। उक्त आयोजनाहरुको हालसम्मको प्रगति हेर्दा धेरै जसो आयोजनाहरुको निर्माण सम्झौंता बमोजिमको काम सम्पन्न नहुने देखिन्छ। लकडाउनको कारण समयमा नै सम्पन्न हुन नसकेका आयोजनाको म्याद थप गर्नु पर्ने बाध्यता रहेको र यसरी म्याद थप गर्दा आगामी आ.व.मा दायित्व सृजना हुने देखिएको छ।

तसर्थ प्रस्तुत (समपुरक तथा विशेष) शिर्षक अन्तर्गतका चालु आ.व. मा खर्च हुन नसकेको रकम आगामी आ.व. मा खर्च गर्न सक्नेगरी स्रोतको सुनिश्चतता गर्न वा आयोजना सम्पन्न गर्ने समयावधी थप गर्ने व्यवस्था गर्न आवश्यक समन्वयका लागि गाउँपालिका तथा नगरपालिकाहरुबाट माग भै आएकोले उक्त मागको सम्बोधनको लागि हार्दिक अनुरोध गर्दछौं।

**होमनारायण श्रेष्ठ**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

**अशोककुमार ब्याञ्जु श्रेष्ठ**
अध्यक्ष
नेपाल नगरपालिका संघ

**बोधार्थ**

१. **श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार**
२. **श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार**
३. **श्री गाउँपालिका/नगरपालिकाहरु सबै**